संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन




गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला। सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१५, ▶▶ अंक ३७९ साउन २२ शुक्रबार,२०७८, August– 6 Friday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# हाम्रो जागिर बचाईदेउ

❖ बुद्धि कुमार राई

*गाईघाट साउन २१*

भूमि सम्बन्धी समस्या समाधान आयोग विघटन गर्ने सरकारको निर्णय तत्काल सच्याउन माग गर्दै नेकपा एमाले निकट अखिल नेपाल किसान महासंघ उदयपुरले प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको छ ।

जग्गाको लालपुर्जा वितरण हुनेक्रममा सरकारले आयोग खारेज गरेर किसानलाई पुरानै अवश्थामा फर्काएको भन्दै महासंघले निर्णय सच्याउन सरकारलाई आग्रह गरेको हो ।

पार्टीका जिल्ला अध्यक्ष परमेश्वर घिमिरेसहित जिल्ला प्रशासन कार्यालय पुगेको महासंघको टोलीले प्रमुख जिल्ला अधिकारी तुलसीराम सेढाईमार्फत ज्ञापनपत्र बुझाएको हो ।ज्ञापनपत्र बुझाउँदै महासंघका केन्द्रिय सदस्य नारद निरौलले सरकारको उक्त निर्णयले पहिलो चरणमा उदयपुरका चार हजार एक सय बीस परिवार लालपुर्जा पाउनबाट वञ्चित भएको बताए ।

जिल्लामा हालसम्म ५ हजार ३ सय ५९ भुमिहिनतथा विपन्न सुकुम्बासी, ३१ हजार पाँच सय २ अव्यवस्थित, ४ हजार ५ सय ५९ अघिल्ला आयोगले गर्न नभ्याएको अधुरा कामलाई प्रकृयामा प्रवेश गराई पुर्जावितरणको अन्तिम तयारीका बेला आयोग खारेज गर्ने सरकारको निर्णय किसानको हितविपरित भएको महासंघले निष्कर्ष निकालेको छ।नेपालको संबिधानले प्रदत गरेको अधिकार अनुसार गठन गरिएको आयोगले धमाधम

*बाँकी ३ पेजमा-*



उदयपुर जिल्लाको सदरमुकाम गाईघाटदेखि खोटाङ जिल्लाको दिक्तेल जाने सगरमाथा लोकमार्ग १३३ किलो मिटर अर्न्तगत त्रियुगा नगरपालिकाको वडा नं. १५ खाँबु राटमाटे ३५ किलो मिटरमा भासिएको सडक। तस्विर - बुद्धि कुमार राई



# म जस्ता लिमचुङबुङकका भोटरका कुरा



महेश्वर चामलिङ राई

प्रकृति र भौगोलिक कारणले पछि पर्नु त बाध्यता हो तर, राजनीतिक नेतृत्व र जनप्रतिनिधिको नजरमा नपरेको वा नपरे/नदेखेजस्तो गरेको, अशिक्षा र चेतना अभावले अहिलेसम्म १८ औं शताब्दीकै हाराहारी रहेको, हरेक चुनावमा 'भोटबैंक' हुँदै आएका लिमचुङबुङ गाउँपालिकाबासी जनता/समुदाय विकास निर्माणको दृष्टिकोणले अहिले पनि अत्यन्त पछि छन् । अझ सिंहदरवारको नाममा पुनर्संरचित स्थानीयतहसम्म पहुँच विस्तार गर्नसमेत नसक्दा निमुखा सावित भईरहेका हामीलाई वर्तमान गठबन्धन सरकारले ल्याउन लागेको (परिमार्जित) बजेटले तपसिल बमोजिम शीर्षकलाई ठोस् सम्बोधन गरोस् भन्ने गाउँपालिकाबासीको जोडदार माग छ।

१. लिमचुङबुङ-५ वडाबासी जनता गाउँपालिका केन्द्र बाराहासम्म पुग्ने जाँते-बाराहा खण्डको लुखिमथुम्काको अक्करे भीरमा स्तरोन्नतिसहित कम्तीमा १२ मिटर चौडाईको ५ सय मिटर आरसिसि ढलान गर्ने बजेट छुट्याइयोस्।

२. जाँतेदेखि बाराहासम्म सडक स्तरोन्नति गर्दै यसपटक ग्राबेल र आगामी वर्षदेखि कम्तीमा ओटासिल या अस्फाल्ट प्रविधिको कालोपत्रे (पिच) गर्नेगरी बहुवर्षीय (क्रमागत) योजनाका लागि चालुवर्षदेखि नै बजेट छुट्याइयोस्।

३. मुर्कुची-पुँवारे-भुट्टार-लाफागाउँसँग जोडिएको लिमचुङबुङ ५ कै बुईखादेखि साफला-रुपला-वाईलासम्म कच्ची ट्र्याक माननीय सांसद सुरेश राई (हिमाल)को निर्वाचनक्षत्र विकास कार्यक्रमअन्तर्गत आर्थिकवर्ष ०७६/७७ मा १ करोड २० लाख र ०७७/७८ मा ५३ लाखबाट निर्माणाधीन नयाँ ट्र्याक सडकलाई बलम्ता-ताम्लिछा-बाँसबोटे हुँदै हलेसी जोड्ने गरी बहुवर्षीय योजनाका लागि बजेट व्यवस्था गरियोस्।

४. २१ औं शताब्दीमा पनि शिक्षामा धेरै पछि रहेको हाम्रो गाउँपालिकाका कतिपय विद्यालय धरासायी अवस्थामा छन्, तिनको उत्थान र प्रबर्द्धन गर्दै प्रत्येक वडाका विद्यालयमध्ये कम्तीमा माध्यामिकस्तरको एक विद्यालयकमा प्राविधिक तथा व्यवसायिक शिक्षाको पठनपाठन गर्न आवश्यक पूर्वाधार तयारका लागि आवश्यक बजेट छुट्याइयोस्।

५. गाउँपालिका केन्द्रसम्म बलिसकेको निर्माणाधीन विद्युत विस्तार योजनालाई सबै वडाका बस्तीसम्म पुर्याउन आवश्यक बजेटको तर्जुमा गरियोस्। हलेसीबाट ल्याइएको विद्युतको मात्र भर नपरी बैकल्पिक स्रोतको खोजी र उपयोग गर्न स्थानीय खोलाहरु र गाईघाट-दिक्तेल विद्युत लाईनबाट शाखा विस्तार गरी विद्युतीकरणलाई थप प्रभावकारी बनाउन आवश्यक बजेट छुट्याइयोस्।

उपर्युक्त योजनाहरुका लागि चालुवर्ष कम्तीमा २५ करोड र क्रमागत बजेटको व्यवस्था भए थप सर्भेक्षण गरेर विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरेर अघि बढ्न गाउँपालिका अग्रसर हुन सहज हुन्छ। यसो गरेमा लिमचुङबुङबासी जनताले भोटको मूल्यांकन भएको महसुस गर्लान् भन्ने लागेको छ। निश्चय नै गाउँपालिकाको तर्फबाट पनि जनप्रतिनिधिले सरकारसमक्ष यस्ता र यो भन्दा बढी कार्यक्रम र बजेटको माग गरेकै होलान्, नगरेको भए यसलाई आफ्नै माग सम्झेर थप पहल गर्नुपनि उपयुक्त नै होला ।

संघीय गणतान्त्रिक राज्य व्यवस्थामा विकास निर्माणको मियो स्थानीयतह नै बन्नुपर्छ भन्ने मेरो निशर्त मान्यता छ र कुनै पनि कार्यक्रम डुप्लिकेसन नहोस्

*बाँकी ३ पेजमा-*




## सम्पादकीय

# गिटी त लगाईदेउ सरकार

त्रियुगा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारीहरु गाईघाट मुख्य चोकदेखि शिबालय टोल, ढिम्की मन्दिरसम्म गएको भए थाहा हुन सक्छ। यो सडकले गाईघाटको नाकनै भाँचेको छ। गाईघाटको मुख्यचोकदेखि पिपलचोकसम्म कति वटा खाल्डो छ? त्यो कुरा वडा नम्बर ११ गाईघाटका वडाध्यक्ष विश्वराज भटराईलाई थाहा भएर पनि भन्न सकिरहेको छैन । गाईघाट बजारको मुख्यचोकदेखि पिपलचोकसम्म जतिवटा खाल्डो छ त्यो खाल्डो टाल्ने र पिपलचोकदेखि शिबालयटोल हुँदै ढिम्की मन्दिरसम्म जुन ब्याक्तिले गिटी हालेर भरिदिन्छ त्यो ब्याक्तिलाई आउँदो चुनाबमा वडाध्यक्ष बनाउन भोट लगाईदिउ झैं लाग्छ।

त्रियुगा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत ज्यू एकपटक गाईघाटको मुख्यचोकदेखि पैदल हिड्दै शिबालयटोल हुँदै ढिम्की मन्दिर पुग्नुस त। नत्र त्रियुगा नगरपालिकाले दिएको त्यही गाडीमा भए पनि शिबालय मन्दिर, ढिम्कीसम्म जानुस त हाकिम साप । यहि हो त्रियुगा नगरपालिका ? यस्तै हुन्छ बजारको मुख्य सडक ? यतिसम्म निरिह भएर बस्नु बेकार छ । गाईघाट पिपलचोकदेखि ढिम्की मन्दिरसम्म तुरुन्त गिटी लगाएर सडकको स्तरउन्नती गरिनुपर्यो। नगरपालिकाको सबै ट्याक्टर, टिफर लगेर तुरुन्त सडकको खाल्डाखुल्डी भरिनुपर्यो । त्रियुगा नगरपालिकाका जनप्रतिनिधिहरु मेयर, उपमेयर, वडाध्यक्ष, सदस्यहरु निरिह बने। लाग्छ उनीहरु अन्धो छन् । उनीहरु जनताको समस्या देख्दैनन् । आउँदो चुनाबमा यस्ता जनप्रतिनिधिहरुलाई जनता नगरबासीले पनि चिन्ने, भोट लगाउनेवाला छैनन् । एक पटक गाईघाटको पिपलचोकदेखि शिबालय टोल हुँदै ढिम्की मन्दिर सम्म जोकोही यात्रा गर्नुस पैदय या सवारीसाधनमा कति खतरनाक छ ? नगरबासीले यस्तै सडकमा हिड्नुपर्ने भए नगरपालिकालाई किन कर तिर्नु ? यो सडकमा कालोपत्रे गर्ने हैसियत र औकात त नगरपालिकाका मेयर, उपमेयर, वडाध्यक्षसँग छैन होला ? तर प्रमुख प्रशासकिय अधिकृतले नगरपालिकासँग भएको ट्याक्टर, टिफरबाट बरुवाखोलमा भएको गिटी ल्याएर त्यो खाल्डाखुल्डी भर्न त लगाउन सकिन्छ नि। कि यति पनि काम गर्न नगरपालिका सक्दैन भने जनता नगरबासी आफैँ त्यो खाल्डाखुल्डी भर्न तयार छ।

नगरपालिकाका मेयर, उपमेयर, वडाध्यक्ष, वडासदस्यहरु अहिले गुमनाम छन् । कतै देखिन्न उनीहरुलाई नगरवासीको समस्या के हो भनेर अड्कल गर्नसमेत हम्मे हम्मे छ। मेयर, उपमेयर अहिले नगरपालिकाको कार्यालय आउन छोडेको धेरै भयो । वडाध्यक्षहरुको हातमा शक्तिनै छैन । वडाध्यक्षलाई पिपलको बोट छाँस्न सक्ने क्षमता समेत छन । त्यसैले प्रमुख प्रशासकिय अधिकृत ज्यू सडकमा गिटी त हालिदिनुस ।



| | |
|---|---|
| १, आलु रु ४० | १६, धनियाँ रु ८० |
| २, अदुवा रु १६० | १७, लोकल बोडी रु ८० |
| ३, टमाटर रु ६० | १८, खर्बुजा रु ४० |
| ४, बन्दा रु ६० | १९, रायो साग रु १०० |
| ५, भेन्टा रु ८० | २०, लट्टे साग रु ६० |
| ६, खुर्सानी रु २०० | २१, प्याज रु ७० |
| ७, मुला रु ६० | २२, निगुरो रु २५ |
| ८, पर्बल रु १०० | २३ दुध रु. ७० |
| ९, तितेकरेला रु ६० | २४, दही रु ९० |
| १०, भिन्डी रु ८० | २५, मोही रु ५० |
| ११, च्याउ रु २४० | २६, घ्यु रु ७०० |
| १२, काउली रु १६० | २७, राँगाको मासु रु ४०० |
| १३, पर्सी रु ५० | २८, बंगुरको मासु रु ४०० |
| १४, कटहर रु ४० | २९, खसीको मासु रु १,००० |
| १५, काँका रु ७० | *स्रोत: तरकारी बजार व्यवस्थापन समिति* |




## गाईघाटदेखि जाने बसहरुको गाडी भाडा



| | |
|---|---|
| गाईघाट-कदमाहा | ८७.४९ |
| गाईघाट-लहान | १००.९५ |
| गाईघाट रुपनी | १५९.८६ |
| गाईघाट राजबबीराज | १८५.०९ |
| गाईघाट ईटहरी | ३३७.९२ |
| गाईघाट धरान | ३७१.२० |
| गाईघाट बीराटनगर | ३८२।७२ |
| गाईघाट बीर्तामोड | ५३८.४८ |
| गाईघाट काकडभीठा( | ५५६.८० |
| गाईघाट मींचैया | १६८.२७ |
| गाईघाट कटारी | २५२.४० |
| गाईघाट ढल्केवर | २६०.८३ |
| गाईघाट जनकपुर | ३०१.३१ |
| गाईघाट चन्द्रनीगाहपुर | ३९५.४४ |
| गाईघाट पथलैया | ५०४.८२ |
| गाईघाट बीरगन्ज | ५८०.१० |

| | |
|---|---|
| गाईघाट हेटौडा | ५९६.९९ |
| गाईघाट नारायणघाट | ७४०.४२ |
| गाईघाट काठमाण्डौं | ११०३९.७ |
| गाईघाट पोखरा | १०९०.२१ |
| गाईघाट जलजले चुहाडे | ४४.८० |
| गाईघाट कालीखोला | ६४.०० |
| गाईघाट होक्से | ७६.८० |
| गाईघाट नाम्च | ८९.६० |
| गाईघाट कौवाई | ११५.२० |
| गाईघाट मुर्कुची | १२८.०० |
| गाईघाट अधेरी | १५३.६० |
| गाईघाट फर्से | १६६.४० |
| गाईघाट देउराली | १७९.२० |
| गाईघाट नेपालटार | १९२.०० |
| गाईघाट रामपुर | ३२१.२८ |
| गाईघाट जाँते | ७६८.०० |

## भुमि.......

काम गरिरहेको अवश्थामा एकाएक खारेजीको निर्णयले भुमिहिनले फेरी पनि जमिन नपाउने अवस्था सृजना भएको आयोगका जिल्ला अध्यक्ष गोपाल खत्रीले बताए ।

उनले भने, 'स्थानीय तहसँग कार्यसम्पादन सम्झौता गरी भुमिहिनको लगत संकलन, प्रमाणिकरण गरी जग्गा वितरण गर्न चाँजोपाँजो मिलाएको अवस्थामा राजनीतिक प्रतिसोधले आयोग खारेख गर्नुले सरकारको भुमिहिन प्रति हेर्ने दृष्टिकोण प्रष्ट भएको छ । '

काम गर्न असहज भए आयोग खारेज नगरी व्यक्ति फेर्नु पर्दथ्यो, अध्यक्ष खत्रीले भने, 'त्यसो नगरी जनताको सदियौंदेखिको आफ्नो जग्गाको पुर्जा पाउने अधिकारमाथि सरकारले कुठाराघात गर्यो। महासंघले निर्णयु पुर्नविचार नगरे चरणबद्ध आन्दोलनमा होमिनेसमेत चेतावनी दिएको छ ।

महासंघले बुझाएको ज्ञापनपत्र बुझ्दै प्रजिअ सेढाईले तत्काल गृहमन्त्रालयमार्फत प्रधानमन्त्री समक्ष पुर्याउने प्रतिवद्धता व्यक्त गरे ।

## म जस्ता...

भन्नका लागि पनि संघीय सरकारले दिने बजेट, त्यसको परिचालन तथा योजना कार्यान्वयनको माध्याम गाउँपालिका नै हुनुपर्छ । त्यसैले दुई सरकारबीचको समन्वयमा मात्र योजना कार्यान्वयन र बजेट परिचालन हुनुपर्छ ताकि जनता स्थानीयतह र संघीय सरकारबीचको द्वन्द्वको कोपभाजनमा पर्न नपरोस्।

कम्तिमा यत्ति काम गर्नका लागि राज्यलाई सत्तारुढ गठबन्धन र प्रतिपक्षी दलकै मित्रहरुबाट पनि सामुहिक दबाब सिर्जना गरौं, व्यक्तिगत स्वार्थ छाडेर सामुहिक स्वार्थ पुरा गर्नेतर्फ केन्द्रित हौ, जसले समग्र गाउँपालिकालाई फाईदा पुगोस्। धन्यबाद १ जय लिमचुङबुङ !!!

# खैजनपुरमा एकसाता सिल थपियो

❖ मुलुकी संवाददाता

*त्रियुगा, साउन २१*

एकै परिवारका ३ जनालाई कोविड संक्रमणले लगेपछि गत१६ गतेदेखि 'सिल' गरिएको त्रियुगा नगरपालिकाको २ नं. वडामा थप एकसाता निशेधाज्ञा कायम राखिने भएको छ । कोविडका कारण एकै परिवारका २ पुरुष र १ महिलाको २५ दिनभित्र ज्यान गएपछि २२ गते मध्यरातिसम्मलाई सिल गरिएको वडामा थप जोखिम देखिएको भन्दै आउँदो सातादिनसम्म निशेधाज्ञा थप्ने निर्णय भएको हो ।



पछिल्लो ३ दिनमा वडामा कोविडसँग मिल्दोजुल्दो लक्षण देखिएका १ सय ४७ जनाको पिसिआर संकलन गरी प्रयोगशाला पठाइएकोमा रिपोर्ट आएका १ सय २८ मध्ये११ जनामा संक्रमण पुष्टि भएपछि थप सातादिन सिल कायम राख्ने निर्णय भएको वडाध्यक्ष घमानसिंह खत्रीले बताए। उनका अनुसार अन्यको रिपोर्ट भने आउन बाँकी छ । वडाभरी संक्रमणको लक्षण देखिएकाले सातादिनसम्म आउजाउ र सरकारी कामकाज रोक्ने गरी सिल कायम राखिएको उनको भनाई छ ।

वडाले नगरपालिका, स्वास्थ्य कार्यालय, जिल्ला प्रशासन र प्रहरीसँगको समन्वयमा वडाका बरगाछी टोल विकास संस्था, नमूना थारु टोल विकास, नयाँ बस्ती टोल विकास र बबिया टोल विकास संस्थाको सीमाभित्र आउजाउ ठप्प पारेको छ । सातादिनअघि एकै परिवारका ३ जनाको ज्यान गएपछि थप संक्रमणहुन नदिन यस्तो निर्णय गरिएको हो ।

वडाध्यक्ष खत्रीका अनुसार कोविड संक्रमणबाट त्यहाँका ४२ वर्षीय पुरुषको असार अन्तिम साता बिराटनगरमा उपचारको क्रममा ज्यान गएको थियो । उनकै परिवारका अर्का संक्रमित ३८ वर्षीय पुरुषको साउन पहिलो साता रत्यसको ३ दिनपछि परिवारकै ४० वर्षीया महिलाको ज्यान गएपछि वडा सिल गर्नुपरेको हो । वडाध्यक्ष खत्रीका नुसार मृतकका पति र अन्य सदस्यमा पनि संक्रमण पाइएको छ भने टोलभरी संक्रमणको लक्षण पाइएकाले जोखिमबाट बँच्न सिल गर्नु परेको हो ।

निशेधाज्ञा अवधिभरी अत्यावश्यक काममा बाहेक घरबाहिर ननिस्कन सबैलाई आग्रह गरिएको छ भने यातायात, बजार, पसल, बिहे, भोज, पार्टी, भेला सबै बन्द गरिएको छ। खाद्यान्न जोहो गर्नका लागि विहान ७:०० देखि ९:०० बजेसम्म र साँझ ५:०० देखि ७:०० बजेसम्म बाहिर निस्कन खुल्ला गरिएको छ । निशेधाज्ञा अवधिमा बिना कारण बाहिर निस्केको पाइए संक्रामक रोग ऐन अन्तर्गत कारबाही गर्ने चेतावनी वडाले जारी गरेको सूचनामा दिइएको छ ।

यता मालपोत कार्यालय गाईघाटका एक कर्मचारी संक्रमित पाइएपछि सातादिनका लागि कामकाज रोकिएको छ । ३ दिनअघिको परीक्षणमा मालपोतका पुरुष कर्मचारी संक्रमित पुष्टि भएपछि आउँदो २५ गतेसम्मका लागि मालपोत कार्यालयका सम्पूर्ण कामकाज बन्द गरिएको जारी सूचनामा उल्लेख छ। त्यसअघि त्रियुगा नगरपालिकामा ३ कर्मचारीमा संक्रमण पुष्टि भएपछि मंगलबार एकदिन कार्यालयको कामकाज रोकिएको थियो ।

उदयपुरमा पछिल्लो ३ दिनयता संक्रमितहरु बढ्दै गएको पाइएको छ। सोमबार१४ जनामा संक्रमण देखिएकोमा मंगलबार१३ महिलासहित २२ जना संक्रमित थपिएका थिए । बुधबार साँझसम्म १७ महिलासहित ३७ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ। स्वास्थ्यका अनुसार सदरमुकाम त्रियुगा नगरपालिकामा १२ जना संक्रमित थपिएका छन् भने चौदण्डीगढी नगरपालिकामा ८ जना, बेलका नगरपालिकामा ५ र ताप्ली गाउँपालिकामा ४ संक्रमित पाइएको छ । यो सँगै जिल्लामा १ सय ३६ महिलासहित ३ सय ७ जना सक्रीय संक्रमित रहेका छन्। स्वास्थ्य कार्यालयका फोकल पर्सन उमेश लुईटेलका अनुसार हुनेको संख्या १ हजार २ सय ३५ महिलासहित २ हजार ६ सय ७० जना रहेको छ।

# कोविड विरामीलाई सरसफाई सामग्री

❖ मुलुकी संवाददाता

*उदयपुर, साउन २१*

कोभिड संक्रमण भई आईसोलेसन सेन्टरमा उपचाररत विरामीलाई लक्षित गरी जाल्पा एकीकृत विकास समाज उदयपुरले हाइजिङ किट (स्वच्छता सामग्री) उपलब्ध गराएको छ । अस्पताल र क्वारेन्टिनमा बसेका विरामीलाई सरफाई सामग्री अभाव हुन नदिन जाल्पाले स्वच्छता सामाग्री बितरण गरेको हो ।

वर्ल्डभिजन इन्टरनेशनलको सहकार्यमा उपलब्ध सामगी जाल्पाले एक कार्यक्रमको आयोजना गरी बिहीबार बितरण गरेको हो । संस्थाका सचिव सुमन परियारले स्वास्थ्य कार्यालय उदयपुरमा प्रमुख मोहन सुबेदीलाई हस्तान्तरण गरेका हुन् । जाल्पाले १ लाख ९६ हजार मूल्य बराबरको उक्त सामग्री खरिद गरी कार्यक्षेत्रभित्रका सबै कोभिड अस्पताल र क्वारेन्टिनलाई उपलब्ध गराएको जनाएको छ ।संस्थाको कार्यक्रम सञ्चालन भएका ताप्ली गाउँपालिकालाई ७७, स्वास्थ्य कार्यालयमार्फत मदन भण्डारी आईसोलेसन सेन्टरलाई ६०,रौतामाई गाउँपालिकालाई ५७ र लिम्चुङबुङ गाउँपालिकालाई ६ सेट सामग्री पठाएको परियारले बताए । कोविड संक्रमितहरुलाई आईसोलेसनमा बस्दा चाहिने लुगा धुने र नुहाउने सावुन, ब्रसमन्जन, पानी सफा गर्ने पियुस, सेनिटाईजर, नेल कटर, तौलिया, महिलाका लागि सेनिटरी प्याडसहित प्रति सेट ९ सय ८४ रुपैंया बराबरको सामग्री उपलब्ध गराइएको छ ।

सामाग्री हस्तान्तरण गर्दै सचिब परियारले कोभिड विरामीको उपचारमा सहजता र अरुलाई सर्नबाट वचाउन सरसफाइ सामग्रीले सहयोग पुग्ने अपेक्षा गरेको बताए । पछिल्लो समय कोविडको महामारी बढ्दै गएकाले सकेसम्म जोगिएर बस्न र स्वास्थ्य मापदण्ड अनुसार सरसफाई गरिरहन, अनिवार्य मास्क प्रयोग गर्न, सामाजिक दुरी कायम गर्नपनि उनले आग्रह गरेका थिए ।




गाईघाटे सेकुवा कर्नर...



सम्पर्क – ९८६२९३६९१० ९८१७७४५०६७
स्थान – गाईघाट टेम्पुचोक

प्रियंका फैन्सी पसल





यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ। स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क- ९८४२८७६६८४

# जाल्पाले दिएको दिएकै

❖ मुलुकी संवाद्दाता

*गाईघाट साउन २१*

कोभिड-१९ का विरामीलाई लक्षित गरी जाल्पा एकिकृत विकास समाज उदयपुरले हाइजिङ्ग किट (स्वच्छता सामग्री) उपलब्ध गराएको छ।



अस्पताल र क्वारेन्टिनमा बसेका कोभिडका विरामीलाई सरफाइ सामग्री अभाव हुन नदिन जाल्पाले वर्ल्डभिजन इन्टरनेशनल नेपालको सहकार्यमा २ सय सेट स्वच्छता सामाग्री उपलब्ध गराएको हो।

उक्त सामग्री एक कार्यक्रमका विच संस्थाका सचिब सुमन परियारले जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख मोहन सुबेदीलाई हस्तान्तरण गरे। संस्थाले कार्यक्षेत्र अर्न्तगत ताप्लि गाउँपालिकामा ७७, स्वास्थ्य कार्यालय मार्फत मदन भण्डारी आईसोलेसन सेन्टरमा ६०, रौतामाई गाउँपालिकामा ५७ र लिम्चुङ्गबुङ्ग गाउँपालिक्मा ६ सेट पठाएको उनले बताए।

संस्थाले संक्रमितहरुलाई आईसोलेसनमा बस्दा चाहिने लुगा धुने र नुहाउने सावुन, ब्रसमन्जन, पानी सफा गर्ने पियुस, सेनिटाईजर, नेलकट, तौलिया, महिलाका लागि सेनिटरी प्याडसहित प्रतिसेट ९ सय ८४ रुपैंया बराबरको सरसफाइ सामग्री उपलब्ध गराएको उनले बताए।

१ लाख ९६ हजार मुल्यको उक्त सामग्री कार्यक्षेत्र भित्रका सबै कोभिड अस्पताल र क्वारेन्टिनमा उपलब्ध गराईएको उनले बताए। सामाग्री हस्तान्तरण गर्दै सचिब परियारले कोभिड विरामीको उपचारमा सहजता र अरुलाई सर्नबाट वचाउन सरसफाइ सामग्रीले सहयोग पुग्ने बताए

उनले पछिल्लो समय कोरोनाको महामारी बढ्दै गएकोले सकेसम्म जोगिएर बस्न स्वास्थ्य मापदण्डअनुसार सरसफाइ रहन, अनिवार्य मास्क प्रयोग गर्न, सामाजिक दुरी कायम गर्न सबैलाई आग्रह गरे।

त्रिदुगा उधोग वाणिज्य संघको अत्यन्त जरूरी सूचन




त्रियुगा उद्योग वाणिज्य संघ, उदयपुर
Shree Triyuga Chamber of Commerce & Industry, Udayapur
TCCI

मिति : २०७८/४/०४

सूचना ! सूचना !! सूचना !!!

विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड १९ ले गर्दा नेपाल सरकारले लगाएको देशव्यापी लकडाउनका कारण सम्पुर्ण उद्योग व्यावसाय मारमा परेको यो अवस्थामा नेपाल सरकार लगायत स्थानिय निकायले समेत सदस्यता नविकरणमा छुट दिएको व्यवस्थालाई मध्यनजर गर्दै यस त्रियुगा उद्योग वाणिज्य संघको मिति २०७८ साल श्रावण ४ गते बसेको बैठको निर्णयानुसार आ.व.०७८/०७९ को सदस्यता नविकरणमा ५० प्रतिशतले छुट गरिएको व्यहोरा सम्पुर्णमा जानकारीका लागि यसै सुचना मार्फत सूचित गरिन्छ।

त्रियुगा उद्योग वाणिज्य संघ
गाईघाट, उदयपुर







| | |
|---|---|
| चिकेन मःमः | १०० |
| चिकेन फ्राई मःमः | १२० |
| चिकेन सी मःमः | १५० |
| चिकेन चाउमिन | १५० |
| अण्डा चाउमिन | १०० |
| भेज चाउमिन | ७० |
| भटमास चिउरा सादेको | ६० |
| चिकेन रोष्ट | ९० |
| चिकेन रोष्ट खाजा सेट | १५० |
| चिकेन सादेको | ३०० |
| चिकेन चिल्लि | ३०० |
| चिकेन पकौडा | ३०० |
| चिकेन फ्राई | २०० |
| भेज पकौडा | १०० |
| मटन पक्कु | ४०० |
| पक्कु खाजा सेट | ४३० |
| मटन भुटन | ३०० |
| मटन भुटन खाजा सेट | ३३० |
| कोल्ड्रिंस पर ग्लास | ५० |
| हुक्का पर फेस | ३०० |



प्रोपाईटर – प्रविण बस्नेत
होमडेलिभरीको लागि
सम्पर्क – ९८४४०५०२७५

# नारायणी ग्याँस

# गाईघाट,डिलर, उदयपुर




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिरको पुलको दक्षिण।


माझखर्क सामाजिको सह-प्रकाशन
मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट